आज मिति २०८२/११/२९ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो । बैंठक संख्याः- ३६

तपसिल

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्ती शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

## सोलुदुधकुण्ड नगरपालिका, नगरकार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मितिः- २०८२/११/२९ गते

समयः- बिहान ११:०० बजे

स्थानः- नगरप्रमुखज्यूको कार्यकक्ष

| | | |
|---|---|---|
| १. | विद्यालय अनुगमन तथा सुपरीवेक्षण मापदण्ड २०८२ स्वीकृत सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको शिक्षा शाखाबाट प्रस्तुत भएको "विद्यालय अनुगमन तथा सुपरीवेक्षण मापदण्ड, २०८२ "माथि विस्तृत छलफल भई यस नगरपालिकाको विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, नियमित अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक देखिएकोले विद्यालय अनुगमन तथा सुपरीवेक्षण मापदण्ड, २०८२ स्वीकृत निर्णय गरियो। |
| २. | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन खर्च सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि विनियोजित कार्यक्रम अन्तर्गत भएको खर्च रु. १३,९५,९५०/- (तेह्र लाख पन्चानब्बे हजार नौ सय पचास मात्र) को यथार्थ खर्च भएको हो वा होइन भन्ने आवश्यक कागजात, बिल भरपाई तथा प्रमाणहरू संकलन गरी एकीन/प्रमाणित गरी उक्त खर्च सम्बन्धमा सामाजिक विकास समितिबाट सिफारिस प्राप्त भएपछि मात्र प्रचलित आर्थिक प्रशासन नियम अनुसार नगरपालिकाको खेलकूद शीर्षकवाट भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| ३. | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सहभागी रकम सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिका ८, स्थित वालेश्वर माध्यमिक विद्यालय र भीमसेनथान माध्यमिक विद्यालयलाई राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिता भए वापत प्रति विद्यालय रु. ५०,०००/- का दरले रकम उपलव्ध गराउने निर्णय गरियो । |
| ४. | तेक्वान्दोमा सहभागी खेलाडीहरुको व्यवस्थापन खर्च सम्वन्धमा | धरानमा आयोजित तेक्वान्दो प्रतियोगितामा सहभागी खेलाडीहरूको आवागमन, खाना, आवास तथा अन्य व्यवस्थापनमा भएको कुल खर्च रु.६५,६३०/ (अक्षेरेपी रु. पैसट्ठी हजार छ सय तीस मात्र) यस कार्यालयको सम्वन्धित शीर्षकवाट भुक्तानी दिन स्वीकृति दिने निर्णय गरियो। |
| ५. | औषधी उपचार खर्च सहयोग माग सम्वन्धमा | चाँगेस्थान माध्यमिक विद्यालयमा कार्यरत मा.वि. शिक्षक श्री विद्यानन्द प्रसाद चौधरी तथा इसिडी शिक्षक रमिता मगरको स्वास्थ्य उपचारका लागि औषधी उपचार खर्च सहयोग माग भई आएको सम्बन्धमा छलफल हुँदा निज शिक्षकहरुको स्वास्थ्य अवस्था तथा मानवीय संवेदनशीलतालाई मध्यनजर गरी प्रचलित कानून तथा कार्यविधि बमोजिम सहयोग उपलब्ध गराउनु उचित हुने देखिएकोले औषधी तथा उपचार खर्च बापत प्रति व्यक्ति रु. ३०,०००/- (अक्षरेपी तीस हजार रुपैयाँ मात्र) का दरले सहयोग उपलब्ध गराउने निर्णय गरियो। |
| ६. | सोलुदुधकुण्ड नगरपालिकाको नगर स्तरीय परीक्षा सञ्चालन खर्च सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि तथा सम्बन्धित शाखाले आवश्यक समन्वय गरी परीक्षा सञ्चालन कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्ने व्यवस्था गर्ने उद्धेश्यले नगर स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने परीक्षा सञ्चालन खर्च शीर्षकमा रु. २,००,०००/- (अक्षरेपी रु. दुई लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो। |
| ७. | फोहर मैला व्यवस्थापनमा संलग्न कर्मचारीहरुको अपुग पारिश्रमिक भुक्तानी सम्वन्धमा | आ.व. २०८२/०८३ का लागि फोहर व्यवस्थापनमा संलग्न कर्मचारीहरुको पारिश्रमिक रु. १०,००,०००/- (दश लाख) वजेट विनियोजन गरिएकोमा हालसम्म रु. ९,३४,८००/- (नौ लाख चौतिस हजार आठ सय मात्र) खर्च भैसकेकाले बाँकी ५ महिनाको पारिश्रमिक भुक्तानी गर्न अपुग हुने देखिएकाले सो अवधिको नपुग रकम करार कर्मचारी पारिश्रमिक शीर्षकमा बचत हुने बजेटबाट व्यवस्था गरी भुक्तानी गर्ने निर्णय गरियो। |

<table>
<tr><td>८.</td><td>DPR को रकम भुक्तानी सम्वन्धमा</td><td>जन जागृति आधारभूत विद्यालय, सल्लेरीको प्रशासनिक भवन निर्माण कार्यका लागि तयार गरिएको (DPR) सम्बन्धमा प्राप्त कागजात, प्राविधिक प्रतिवेदन तथा लागत अनुमानको आधारमा उक्त DPR स्वीकृत गरी सो तयार गर्ने परामर्शदाता/प्राविधिकलाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो।</td></tr>
<tr><td>९.</td><td>DPR स्वीकृति सम्वन्धमा</td><td>सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन परिसरको सुरक्षा, संरक्षण तथा व्यवस्थापनलाई थप सुदृढ बनाउन आवश्यक ठानी Boundary Wall निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन (DPR) प्राविधिक रुपमा तयार गरिएको हुँदा सो DPR लाई समीक्षा पश्चात स्वीकृत गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>१०.</td><td>लगानी योजना स्वीकृत गर्ने सम्वन्धमा</td><td>सोलुदुधकुण्ड नगरपालिका अन्तर्गत महिला तथा बालबालिकाको संरक्षण, सशक्तिकरण, क्षमता अभिवृद्धि तथा समग्र विकासका लागि आ.व. २०८२/०८३ देखि २०८५/०८६ सम्म कार्यान्वयन हुने गरी तयार गरिएको बहुवर्षीय लगानी योजना सम्बन्धित शाखाबाट पेश हुन आएकोले उक्त योजना अध्ययन तथा छलफल गर्दा आवश्यक, सान्दर्भिक तथा कार्यान्वियन योग्य देखिएकोले महिला तथा बालबालिका क्षेत्रमा लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>११.</td><td>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण जेसी अडिट अनुमोदन सम्वन्धमा</td><td>सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन भएका विकास कार्यक्रम तथा योजनाहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण तथा सामाजिक अडिट प्रतिवेदन सम्बन्धमा प्राप्त प्रतिवेदन, छलफल तथा सम्बन्धित शाखाबाट प्रस्तुत सुझावसमेतका आधारमा आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रम/योजनाहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण तथा सामाजिक अडिट प्रतिवेदन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट अध्ययन तथा छलफल गरि उक्त प्रतिवेदनले औंल्याएका सवल पक्षहरूलाई आगामी दिनमा कार्यान्वियन गर्दै देखिएका कमी कमजोरीहरूलाई आगामी योजना तथा कार्यक्रम कार्यान्वयनमा सुधार गर्ने गरी अनुमोदन गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>१२.</td><td>सडक वोर्डवाट सञ्चालन हुने आयोजना छनौट तथा वजेट विनियोजन सम्वन्धमा</td><td>आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सडक वोर्ड नेपालसँगको साझेदारी कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने आयोजनाहरुकी छनौट तथा वजेट विनियोजन गर्नु पर्ने आवश्यक्ताका सम्वन्धमा देहाय वमोजिमका सडकहरुलाइ प्राथमिकताका आधारमा छनौट गरी साझेदारी लगानीमा सञ्चालन गर्ने निर्णय गरियो।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम, ठेगाना</th><th>विनियोजित वजेट रु</th></tr>
<tr><td>१.</td><td>सल्लेरी कारागार थेक्चेन पेमाछोलिङ गुम्वा थप स्तरोन्नति</td><td>रु. १० लाख</td></tr>
<tr><td>२.</td><td>मोपुङ थुसेन छोलिङ गुम्वा सडक मर्मत (थुसेन छोलिङ गुम्वा सडक ढलानमा संशोधन)</td><td>रु. १० लाख</td></tr>
<tr><td>३.</td><td>थेक्चेन पेमाछोलिङ गुम्वा सल्लेरी हुँदै ह्वाइट हिल्स स्कूलको होस्टल जाने सडक खण्डको जिमी राई भवनको टर्निङ तथा गुम्वा माथिको टर्निङ मर्मत सुधार</td><td>रु. ८ लाख</td></tr>
<tr><td>४.</td><td>दोर्पू हुदैं वडा नं ७ को कार्यालय जाने सडक खण्डको लुम्जे खोल्सी सडक मर्मत रु .</td><td>रु. ५ लाख</td></tr>
</table>
</td></tr>
</table>

| | | |
|---|---|---|
| १३. | रकम विनियोजन सम्वन्धमा | एभरेष्ट पर्यटन पुरस्कार २०२६ कार्यक्रम पर्यटन क्षेत्रको प्रवर्द्धन, स्थानीय तथा राष्ट्रिय स्तरमा पर्यटन व्यवसायी, श्रमिक, गाइड, पर्वतारोही तथा पर्यटनसँग आबद्ध व्यक्तिहरूको योगदानको सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिने भएकाले उक्त कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्तावनालाई छलफल गरी स्वीकृत गर्ने साथै सो कार्यक्रमलाई प्रभावकारी, व्यवस्थित र सफल रूपमा सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत अभावलाई मध्यनजर गर्दै, कार्यक्रम आयोजक संस्था AMS Global Himalayan Foundation लाई सहयोग स्वरूप नगरपालिकाको चालु आ.व. २०८२/०८३ को पर्यटन शीर्षकबाट रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैयाँ मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो। |